विदुर नगरपालिका

**BidurMunicipality**

नगर कार्यपालिकाको कार्यालय

**Office of the municipal Executive**

विदुर, नुवाकोट

**Bidur, Nuwakot**

वाग्मतीप्रदेश, नेपाल

**BagmatiProvince, Nepal**

फोन नं ०१०-५६००६३

५६०४६९


प. सं./Ref No.-२०७९।०८०

च. नं./Dispatch No.z

मिति : २०८०।०४।२४

# सूचना ॥ सूचना ॥ सूचना ॥

विदुर नगरपालिकाले यहि मिति २०८० भाद्र ३ गते देखि आफ्नो नगरपालिका भित्र सञ्चालित रहेको विभिन्न उद्योग व्यवसायहरुको दर्ता एवंम नविकरण र व्यवसाय कर तथा राजस्व असुली गर्ने कार्य सम्बन्धीत वडाहरुमा गई गर्न लागेकोले यस नगरपालिका भित्र सञ्चालित विभिन्न उद्योग व्यवसायीहरुले उक्त कार्यमा सहभागी भइ दिनु हुन र आ-आफ्नो व्यवसाय दर्ताको प्रमाण-पत्र, व्यवसाय कर तिरेको प्रमाण व्यवसाय स्थलमा सबैले देख्ने गरि राख्नु हुन अनुरोध गर्दछौ । साथै यस नगरपालिका भित्र व्यवसाय संचालन गर्दै आईरहनु भएका तर दर्ता प्रकृयामा नगई आफु खुसी व्यवसाय सञ्चालन गरिरहनु भएका व्यवसायीहरुले यस कार्यक्रममा सहभागी भइ नियमानुसार आफ्नो ब्यापार व्यवसाय दर्ता गराइ नगरपालिकाबाट उपलब्ध गराइएको सेवा सुबिधाको उचित सदुपयोग गर्नु हुन अनुरोध गर्दछौ । साथै अटेर गरी उद्योग व्यवसाय दर्ता नगरी व्यवसाय सञ्चालन गरीरहने जस्ता कार्य गरेको पाइएमा उक्त व्यवसाय बन्द गरिने साथै स्थानिय निकायबाट पाउने सेवा सुविधा बाट समेत निजलाई वञ्चित गरिने र कानून अनुसारको कानूनी कारबाही समेत गरीने व्यहोरा यसै सूचना मार्फत सबैमा जानकारी गर्दछौ ।

उद्योग तथा राजश्व शाखा
विदुर नगरपालिका

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
नेपाल

## उद्योग दर्ता गर्दा चाहिने आवश्यक कागजातहरु

१) उद्योग दर्ताको लागी आवश्यक पर्ने निवेदन ।

२) सम्बन्धीत व्यक्तिको नागरिताको फोटोकपि ।

३) उद्योग रहने स्थानको स्वामित्वको प्रमाणपत्रको प्रतिलिपि ।

४) सम्बन्धीत व्यक्तिको नाममा स्वामित्वको प्रमाण नभएमा मञ्जुरीनामा सहित स्वामित्वको प्रमाण पत्रको प्रतिलिपि ।

५) सम्बन्धीत वडाको सर्जिमिन सहितको सधियार मुचुल्का तथा सिफारिस पत्र ।

६) साझेदारीहरु भै उद्योग दर्ता गर्ने भएमा सम्झौतापत्र (साझेदारी कबुलियतिनामा) ।

७) निवेदक फर्म वा कम्पनि भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,सञ्चालकहरुको नागरिताको प्रतिलिपि, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपी ।

८) सम्बन्धीत विषयगत उद्योग सम्वन्धमा संघिय एवं प्रदेश कानुनले निर्धारण गरेको अन्य आवश्यक कागजातहरु ,वडाको सिफारिस ।

९) कुखुरा पालन, वर्कसप र बंगुर पालनको हकमा ७ दिने स्थानीय पत्रिकामा प्रकाशन गर्ने, नियमनकारी निकायहरुको अनुमानित वा सिफारीस आवश्यक पर्ने उद्योगहरुको लागी सो अनुमतिपत्र ।

१०) सम्पति कर तिरेको रसिद

११) पासपोर्ट साइजको फोटो ३ प्रति । साथै २० लाख माथिको उद्योग दर्ता गर्नु परेमा घरेलु तथा साना उद्योगको कार्यालयमा दर्ता गराउनुहोला ।

## प्राईभेट फर्म दर्ता गर्न आवश्यक पर्ने कागजातहरु

१) नेपाली नागरीताको प्रमाणपत्रको प्रतिलिपि

२) अनुसुचि (१) बमोजिमको निवेदन। यो निवेदन विदुर नगरपालिकावाट प्राप्त हुनेछ ।

३) फर्म सञ्चालन हुने स्थानको जग्गा धनि दर्ता प्रमाण पुर्जाको प्रतिलीपि वा भाडामा लिइ व्यापार व्यवसाय सञ्चालन गर्ने भएमा भाडा सम्झौता ।

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

४) सम्पति कर तिरेको रसिदको प्रतिलिपि ।

५) सम्बन्धीत निकायको सिफारिस ।

६) अनुसुचि (४) बमोजिमको दस्तुर बुझाएको सक्कल रसिद ।

७) पासपोर्ट साईजको फोटो ३ प्रति ।

८) सम्बधीत निकायवाट तोकि दिएको अन्य कागजात ।

९) ५ लाख भन्दा माथिका व्यावसाय दर्ता गर्नु परेमा घरेलु तथा साना उद्योगको कार्यालयमा दर्ता गराउनु होला ।

## साझेदारी फर्म दर्ता गर्न चाहिने आवश्यक कागजातहरु

१)साझेदारहरुको नेपाली नागरीताको प्रमाणपत्रको प्रतिलिपी ।

२) अनुसुचि (१) बमोजिमको निवेदन । यो निवेदन विदुर नगरपालिकावाट प्राप्त हुनेछ ।

३) साझेदारी फर्म रहने स्थानको जग्गा धनि दर्ता प्रमाणपत्रको प्रतिलिपी वा भाडामा लिइ व्यापार व्यवसाय सञ्चालन गर्ने भएमा भाडा सम्झौता ।

४) सम्पति कर तिरेको रसिदको प्रतिलिपी ।

५) सम्बन्धीत निकायको सिफारिस आवश्यक पर्ने भए सोको सिफारिस ।

६) कबुलियतनामा

## कुखुरा तथा बंगुर पालन व्यवसायको हकमा थप तपशिल कागजातको आवश्यक पर्ने छ :

१. कुखुरा व्यवसायको हकमा मुख्य राजमार्गको क्षेत्राधिकार भन्दा कम्तीमा २०० मिटर टाढा हुनु पर्नेछ। बंगुर व्यवसायको हकमा मुख्य राजमार्गको क्षेत्राधिकार भन्दा कम्तीमा ३०० मिटर टाढा हुनु पर्ने छ ।

२. घनावस्तीबाट कुखुराको हकमा २०० मिटर टाढा तथा बंगुर पालनको ५०० मिटर टाढा हुनु पर्नेछ ।

३. शिक्षण संस्था ,स्वास्थय संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थानहरुबाट ५०० मिटर टाढा हुनु पर्ने छ ।

बिदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिदुर, नुवाकोट
२०७३

४. व्यवसाय दर्ता हुनुपुर्व ७ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्ने छ ।

५. १०,००० हजार भन्दा बढी कुखुरा पालन व्यवसाय गर्नु परेमा I.E.E. गनुपर्नेछ ।

६. खोला तथा पानीको मुहानमा कुनै पनि किसिमको प्रदुषण, हानि नोक्सानी लगायतका असर गर्न नपाईने ।

७. घनावस्ती बाहेकको क्षेत्रहरुमा {ग्रामिण वस्तीहरुमा} १००० भन्दा कम संख्याको कुखुरा पालन व्यवसाय सञ्चालन हुने स्थानबाट कम्तीमा १०० मिटर वरपरका घरधनीहरुको सहमति अनिवार्य हुनुपर्ने । तर १००० भन्दा बढी कुखुरा पालन व्यवसायको हकमा ३०० मिटर दुरी कायम गर्नुपर्ने छ ।

## फर्निचर उद्योगको हकमा थप तपशिल कागजात आवश्यक पर्नेछ :

१ डिभिजन/जिल्ला वन कार्यालयको सहमति पत्र।

२ फर्निचर उद्योगले काठको श्रोत खुलाउनु पर्ने ।

३ ८ इन्च भन्दा माथीको बेन्च सह प्रयोग गर्न नपाइने।

४ प्रमाणितका लागि बेन्च-सह भन्दा ठुलो प्रयोग गर्न नपाउने ।

५ वनक्षेत्रभन्दा ५०० मिटर टाढा हुनुपर्ने ।

६ चारै दिशाका सधिँयारको सहमति अनिर्वाय हुनु पर्नेछ ।

७ व्यवसाय दर्ता हुनुपुर्व ७ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्ने छ ।

## वर्कसप दर्ताको लागि आवश्यक कागजातहरुः

- सात दिनको सार्वजनिक सूचना
- मुख्य राजमार्गबाट २०० मिटर टाढा हुनुपर्ने
- घना वस्ती भित्र उदोग स्थापना गर्न नमिल्ने
- अहिलेको अवस्थामा जुनसुकै स्थापना भएता पनि अटो भिलेज स्थापना पश्चात उत्त स्थापना स्थानान्तरण गर्नुपर्ने छ ।

उद्योग तथा राजश्व शाखा
बिदुर नगरपालिका